# कमल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
तोपगाछी, झापा
१ नं. प्रदेश, नेपाल

प.सं.: २०७७/०७८ मिति : २०७७/०५/२०

## प्रेस विज्ञप्ती ।

(क) हिजो मिति २०७७/०५/१९ गते विहान ११.०० बजे गाउँपालिका अध्यक्ष श्री मेनुका काफ्ले ज्यू को अध्यक्षतामा बसेको कार्यपालिका बैठकबाट मिति २०७७/०५/२० गते देखि मिति २०७७/०५/२७ गते शनिवार राति १२.०० बजे सम्म देहायका कार्यहरु गर्न पाउने गरि निषेधाज्ञा थपको लागि निर्णय भएकोले उल्लेखित निर्णयको पूर्ण पालना गर्नका लागि यो सूचना जारी गरिएको छ।

१. दैनिक उपभोगका सामानहरु खरिद बिक्री गर्नका लागि प्रत्येक दिन मध्यान्न १२.०० बजेसम्म मात्र पसल, व्यापार, व्यवसायहरु खोल्न पाइने, खोल्दा समेत अनिवार्य रुपमा मास्क, सेनिटाइजरको प्रयोग गरि भौतिक दुरी कायम राखि कारोवार गर्नु पर्ने ।

२. साप्ताहिक रुपमा लाग्ने हाट बजारहरु अर्को सूचना नहुन्जेल पूर्ण रुपमा बन्द हुने ।

३. औषधी पसल नियमित जस्तै खुल्ला रहने । दुध डेरी विहान ६.०० बजे देखि ८.०० सम्म र बेलुका ४.०० बजे देखि ६.०० बजेसम्म मात्र सन्चालन हुने/ खोल्न पाइने ।

४. एम्बुलेन्स, स्वास्थ्यकर्मी, सुरक्षाकर्मी, सरकारी नम्वर प्लेट भएका सवारी साधन, सन्चारकर्मी र सवारी पास भएका साधन र अति आवश्यक सेवा दिन प्रयोग गर्ने साधन बाहेक अन्य सबै प्रकारका सवारी साधनहरु चलाउन नपाईने । अति आवश्यक परि गाउँपालिका क्षेत्र भित्र सवारी चलाउन परेमा गाउँपालिकाको अनुमति लिनु पर्ने ।

५. मलामी जाँदा २५ जना भन्दा बढी जान नपाइने । बस प्रयोग गरेर मलामी जान नपाइने ।

६. सैलुन, व्युटिपार्लरहरु पूर्ण रुपमा बन्द हुने /गर्नु पर्ने ।

७. सबै प्रकारका भेला, जुलुस, सभा, सम्मेलन, जात्रा, महोत्सव, पर्वमा मानिसहरु भेला हुन पूर्ण रुपमा बन्द गरिएको ।

८. वडा कार्यालय, गाउँपालिका कार्यालयबाट प्रदान हुने सेवाहरु स्वास्थ्य सुरक्षाको मापदण्ड अपनाई भोतिक दुरी कायम गरि भाद्र २१ गते देखि सुचारु ह्ुने । विद्यालय प्रशासनका कार्यहरुसमेत सोहि अनुसार सन्चालन हुने ।

९. बैंक, वित्तीय संस्था र सहकारीहरुहरुले स्वास्थ्य प्रोटोकलको पूर्ण पालना गरि प्रत्येक दिन १.०० बजेसम्म सन्चालन हुने ।

१०.पि.सि.आर.(स्वाब संकलन) गरिएका व्यक्तिहरु रिपोर्ट नआउन्जेलसम्म होम क्वारेन्टाइनमा अनिवार्य रुपान बस्नु पर्ने । बाहिर हिडडुल गर्न नपाईने ।

# कमल गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
तोपगाछी, झापा
१ नं. प्रदेश, नेपाल

---

११. उल्लेखित क्षेत्रमा निषेधाज्ञा उल्लंघन हुने गरी कसैले कुनै पनि गतिविधि गरे गराएमा गाउँपालिका, प्रहरी, प्रशासनद्धारा प्रचलित कानून अनुसार कारवाहि हुनेछ ।

(ख). २०७७/०५/१८ गते ५७ जना (३ जना क्वारेन्टाइनका र बाँकी ५४ जना कन्ट्याक्ट ट्रेसिङ मार्फत समुदाय तर्फका) व्यक्तिहरुको PCR स्वाव संकलन गरिएकाहरु मध्ये २०७७/०५/२० .गते जम्मा ४१ जनाको रिपोर्ट नेगेटिभ प्राप्त भएको छ भने १६ जनाको रिपोर्ट प्राप्त हुन बाँकी रहेको छ ।

(ग) हालसम्म कोभिड १९ को अवस्था यस प्रकार रहेको छ :-

| क्र.सं. | विवरण | महिला | पुरुष | जम्मा | हालसम्म पोजेटिभ संख्या |
|---|---|---|---|---|---|
| १. | RDT (आर.डि.टि.) | १३ | ८० | ९३ | शुन्य |
| २ | PCR Test (पिसिआर) | २३८ | ७०१ | ९३९ | ३३ |

**नोट : जम्मा पोजेटिभ संख्या ३३ मध्ये**

- विदेशबाट आएका जम्मा ३ जना (क्वारेन्टीनमा मार्फत) र समुदायस्तरका ५ जना गरि जम्मा ८ जनाले कोरोना जितेर घर फकिएका छन । भने बाँकी २५ जना होम आइसोलेसन, शहिद धर्मभक्त मा.वि.को आइसोलेशन र वि.पि.कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान धरानमा रहेका छन । विवरण यस अघि नै सार्वजनिक भै सकेको छ ।

- **आज भाद्र २० गते क्वारेन्टाइनमा रहेका व्यक्तिहरुको विवरण :**

| क्र.सं. | विवरण | महिला | पुरुष | जम्मा | कैफियत |
|---|---|---|---|---|---|
| १. | शहिद धर्मभक्त मा. वि. केर्खा | ० | १२ | १२ | |

सुवास श्रेष्ठ
प्रमुख प्रशासकीय अधिकृत